नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवरण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय मनमैजु

E-mail:-manmaiju@dolma.gov.np

पत्र संख्याः-२०८३/०८४

चलानी नं.:-

श्री गोरखापत्र संस्थान,

धर्मपथ, काठमाडौं

मिति २०८३/०४/०४

नेपाल सम्वत् ११४६,दिल्लाथ्व, सोमबार

विषयः- सूचना प्रकाशन गरिदिने सम्बन्धमा।

यस कार्यालयबाट प्रकाशन हुने तपशिल बमोजिमको सूचनाको लाग्ने दस्तुर पत्रबाहक हस्ते लिनु भै गोरखापत्रमा एक पटकको सूचना प्रकाशन गरिदिनुहुन अनुरोध गरिन्छ।

श्री भूमि प्रशासन कार्यालय, मनमैजु काठमाडौंबाट जारी

हकदावी सम्बन्धी ३५ दिने सार्बजनिक सूचना

काठमाडौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं. ११ बस्ने मोहन माया महर्जनले मेरा पति कृष्ण महर्जनको नाममा मोहीयानी कायम भई सर्भे नापीका समयमा नाप नक्सा भएको जिल्ला काठमाडौं साविक मनमैजु गा.वि.स वडा नं ९क कि.नं १६३ क्षेत्रफल ०-१-२-० घर जग्गा पति कृष्ण महर्जनको मिति २०७४/०८/१५ मा आफ्नै कालगतिले मृत्यु भएकोले शेषपछिका हकदारमा म निवेदक पत्नी मोहन माया महर्जन मात्र भएकोले रै.प.दर्ता/ना.सा. गरिपाँउ भनी ता.न.पा. ११ नं. वडा कार्यालयको च.नं. ५५३ मिति २०८३/०१/१० को सिफारिस पत्र सलंग्न राखी माग निवेदन दिनुभएकाले उल्लेखित कित्ता घरजग्गा निवेदकहरुका नाममा रै.प.दर्ता/ना.सा. हुन नपर्ने कुनै कारण भए वा निवेदक बाहेक अरुको हक लाग्ने भएमा वा निवेदकको मागदाबी झुठ्ठा भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण दावी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ।

पुनश्चः- निवेदकले विर्तावाल भनी निवेदनमा उल्लेख गरेका जग्गाधनी का.ई मरुटोल बस्ने स. विष्णुध्वज जोशीका नाममा यस कार्यालयबाट जारी गरेको ७ दिने म्याद मिति २०८३/०३/११ मा निजका एकाघरको बुहारी/नाती सरला जोशी र संजयध्वज जोशी समेतले बुझिलिई म्याद भित्र हकदावी नगरी निवेदकको नाममा रै.प दर्ता ना.सा. लाई मन्जुरी दिएको ।

बोधार्थः

श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं। सुचना टाँस गरी सोको जानकारी पठाईदिनुहुन।

श्री जि.स.स. को कार्यालय, बबरमहल, काठमाडौं। (ऐ.ऐ.)

श्री भूमि प्रशासन कार्यालय, डिल्लीबजार, काठमाडौं। (ऐ.ऐ.)

श्री नापी कार्यालय मनमैजु, काठमाडौं। (ऐ.ऐ.)

श्री ता.न.पा. नगर कार्यपालिकाको कार्यालय, धर्मस्थली, काठमाडौं। (ऐ.ऐ.)

श्री ता.न.पा ११ नं.वडा कार्यालय, मनमैजु, काठमाडौं। (ऐ.ऐ.)